

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं १९ गते बुधबार ❑ 4 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## जनताका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
बागलुङ, १८ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनताको आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको बताउनुभएको छ।

मंगलबार बागलुङ नगरपालिका-४ उपल्लाचौरमा आयोजित 'आधुनिक बसपार्कसम्बन्धी' कार्यक्रममा उहाँले सीमित स्रोतसाधनका बीच जनताको आवश्यकता र मागअनुसार प्रदेश सरकारले काम गरिरहेको बताउनुभयो । प्रदेश सरकारसँग ढुकुटी र स्रोतसाधन निकै कम भएकाले जनताको माग र



आवश्यकतानुसार सबै ठाउँमा एकैपटक काम गर्न नसकेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री पाण्डेले राजनीतिक अस्थिरताका कारण सरकार बन्ने र ढल्ने गरेकाले हाल संसद्का प्रमुख दुई पार्टीसहितको गठबन्धन सरकार बनेकाले सुशासन, विकास र समृद्धिका लागि काम हुने विश्वास दिलाउनुभयो । "एकातिर प्रदेश सरकारसँग स्रोतसाधनको कमी छ, अर्कोतिर राजनीतिक अस्थिरताका कारण छिटोछिटो सरकार बदलिने समस्या छ । यसकारण पनि जनताको इच्छा, आकाङ्क्षा र आवश्यकतानुसार काम हुनसकेको छैन",उहाँले भन्नुभयो, "अहिले प्रदेशमा नयाँ सरकार बनेको छ, यो सरकारले नागरिकको निरासालाई चिर्नेगरी काम गर्नेछ।

त्यसमा हामी एकताबद्ध भएर लागिरहेका छौं ।" मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश पर्यटकीय केन्द्र भएको हुँदा पोखरासँग सबै जिल्लालाई जोडेर पर्यटनमार्फत समृद्धि हासिल गर्न सकिने धारणा राख्नुभयो । प्रदेश सरकारले गण्डकीका ११ वटै जिल्लालाई पर्यटनसँग जोड्नका लागि गृहकार्य गरिरहेको उहाँले जानकारी दिनुभो।

## लेक लागेर मृत्यु हुने पर्यटकको सङ्ख्या बढ्दो

रासस
पोखरा, १८ भदौं

पदयात्रा र तीर्थयात्राका लागि गत वर्ष हिमालपारि मुस्ताङ तथा मनाङ गएका २१ पर्यटक उतै अस्ताए । छ नेपालीसहित ११ भारतीय, मलेसियाका दुई, युक्रेनका एक र एक बेलायती नागरिकले यात्राका क्रममा लेक लागेर मृत्युवरण गरे। अधिकांश लेक लागेका घटना मुस्ताङको मुक्तिनाथ क्षेत्रमा भएका थिए।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आव २०७८/७९ मा छजनाको लेक लागेर मृत्यु भएकामा आव २०७९/८० मा १२ जनाको लेक लागेर मृत्यु भएको थियो । कार्यालयका प्रहरी निरीक्षक विशाल अधिकारीका अनुसार गत आवमा १४ जनाले लेक लागेर मुस्ताङमा ज्यान गुमाए। लेक लागेर मृत्यु हुनेमा प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ दर्शनका लागि आउने भारतीय तीर्थयात्री बढी छन्। चौधमध्ये दश भारतीय, तीन नेपाली र एक युक्रेनी नागरिक रहेको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो । "मुस्ताङमा लेक लागेर मृत्यु हुनेको सङ्ख्या बर्सेनि बढ्दै गएको देखिन्छ", उहाँले भन्नुभयो, "पछिल्लो समय मुक्तिनाथमा लेक लागेका पर्यटकको प्रारम्भिक उपचार र उद्धारका लागि आकस्मिक कक्षसमेत सञ्चालनमा आएको छ ।" पर्यटक पथप्रदर्शक दिवस गुरुङले भारतीय पर्यटक गाडीबाट एकैपटकमा मुक्तिनाथ पुग्दा लेक लाग्ने समस्या देखिने गरेको बताउनुभयो। "हिमाली भेगको यात्रामा जाँदा विश्राम लिँदै जानुपर्छ, कम उचाइ भएको ठाउँबाट उचाइ भएको ठाउँमा एक्कासि पुग्दा लेक लाग्ने हुन्छ", उहाँले भन्नुभयो, "यो समस्या मुस्ताङको मुक्तिनाथ र मनाङको तिलिचो ताल जाने पर्यटकमा बढी देखिने गरेको छ ।" काठमाडौँ उपत्यकालगायत तराई भेगबाट तिलिचो ताल पुग्ने नेपालीमा पनि लेक लाग्ने समस्या बढी देखिने गरेको पथप्रदर्शक गुरुङले बताउनुभयो । "पदयात्रा गर्नेहरू ठाउँठाउँमा विश्राम लिँदै जाने हुँदा लेक लाग्ने सम्भावना न्यून हुन्छ, गाडी र मोटरसाइकलमा एकैपटकमा उचाइमा जानेहरूलाई बढी समस्या देखिने गरेको छ", उहाँले भन्नुभयो । मुक्तिनाथ समुद्र सतहदेखि तीन हजार सात सय १० मिटर र तिलिचो ताल चार हजार नौ सय १९ मिटरको उचाइमा अवस्थित छ। स्थानीय हावापानीसँग अनुकूलन हुँदै विश्राम लिँदै यात्रा गर्नु नै लेक लाग्ने समस्याबाट बच्ने उत्तम उपाय रहेको पथप्रदर्शक गुरुङको भनाइ छ। उहाँले पदयात्रा गर्ने पर्यटकलाई एक दिनमा पाँच सयभन्दा बढीको उचाइ पार नगर्न सुझाउनुभयो । शारीरिक, मानसिक स्वास्थ्य र तन्दुरुस्तीसहित पदयात्रामा जानुपर्ने पथप्रदर्शक गुरुङले बताउनुभयो। नयाँ र टाढाको गन्तव्यस्थल छभने एक्लै पदयात्रा गर्न नहुने उहाँको भनाइ छ । "पदयात्रा गर्दा पथप्रदर्शक साथमा लिएर जाँदा धेरै सहज हुन्छ", उहाँले भन्नुभयो, "पथप्रदर्शक नलिई पदयात्रामा जान नपाइने सरकारको नीति कार्यान्वयन हुन सकेमा पदयात्रामा आउने जोखिम घटाउन सकिन्छ ।" उहाँका अनुसार नेपालको हिमालय क्षेत्रमा झन्डै छ हजार मिटरसम्म उचाइ छिचोलेर पदयात्रा गर्नुपर्ने गन्तव्य छन् । पदयात्रामा जाँदा प्राथमिक उपचारका औषधि र सामग्री साथमा बोक्नुपर्ने गुरुङले बताउनुभयो । कतिपयलाई तीन हजार मिटरदेखि नै 'अल्टिच्युड सिकनेस'को लक्षण देखिने हुँदा एकै दिन धेरै नहिँडी विश्राम लिँदै पदयात्रा गर्नुपर्ने उहाँको भनाइ छ।

धवलागिरि अस्पतालका प्रमुख चिकित्सक रविरञ्जन प्रधानले लेक लाग्दा अक्सिजनको मात्रा घट्न गई मानिसको ज्यान जाने गरेको बताउनुभयो । "लेक लाग्दा शरीरमा अक्सिनको कमी भई टाउको र फोक्सोमा पानी जमेर बिरामीको मृत्यु हुन्छ", उहाँले भन्नुभयो, "लेक लाग्नबाट जोगिन लक्षण देखिँदासाथ यात्रा रोकेर तुरुन्त कम उचाइ भएको ठाउँमा फर्कनुपर्छ ।" लेक लाग्दा टाउको भारी हुने, वाकवाकी लाग्ने, बान्ता हुने आदि लक्षण देखिने गरेको प्रमुख चिकित्सक प्रधानको भनाइ छ।

"लेक लाग्न नदिन केही औषधि पनि खान सकिन्छ, तर सामान्य लक्षण देखिए पनि तल फर्किनुपर्छ, सावधानी अपनाइएन भने स्वास्थ्य अवस्था जटिल बन्न सक्छ, समयमा उद्धार र उपचार हुन सकेन भने मत्यु नै हुन्छ", उहाँले भन्नुभयो । उहाँले स्थानीय वातावरणमा अनुकूलन नभई एकै पटकमा मुक्तिनाथलगायत उच्च हिमाली भेगमा जाँदा भारतीयलगायत विदेशी पर्यटकको लेक लागेर मृत्यु हुने गरेको बताउनुभयो । "मुक्तिनाथ जाँदा एक दिन जोमसोममा विश्राम लिएर जानु उपयुक्त हुन्छ", उहाँले भन्नुभयो, "हिमाली भेगको यात्रामा जाँदा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ ।" अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रविन कडरियाले लेक लागेका पर्यटकलाई हेलिकप्टरबाट उद्धार गरेर बचाइएको बताउनुभयो । आयोजना कार्यालयले गत वर्षदेखि लेक लागेका घटनाको तथ्याङ्क राख्न सुरु गरेको उहाँको भनाइ छ।

"लामो दूरीको पदयात्रामा निक्लँदा एक्लै जानु हुँदैन, समूहमा या पथप्रदर्शक लिएर मात्र हिँड्नुपर्छ", डा कडरियाले भन्नुभयो, "ट्रेकिङ


बाँकी अन्तिम पृष्ठमा ▶▶


## शिक्षामा सुधार ल्याउन तीनै तहको सरकार एक हुनुपर्छ : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले शिक्षा क्षेत्रमा सुधार ल्याउन तीनै तहको सरकार एक हुनुपर्ने बताएका छन्। मन्त्रालयले मंगलबार तनहुँ जिल्लाको आबुखैरेनीमा आयोजना गरेको वार्षिक विकास अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

मन्त्री थापाले प्रदेश सरकार संस्कार सिकाउने शिक्षामा समेत केन्द्रित रहेको जानकारी गराए । उनले प्रदेशमा भएका विभिन्न जातजातिको भाषालाई संरक्षण गर्न मातृभाषा शिक्षालाई समेत प्राथामिकता राखेको उल्लेख गरे । "हामी नैतिक शिक्षालाई आत्मसात् गर्दै अगाडि बढीरहेका छौं। शिक्षामा आमुल परिवर्तन ल्याउनका



लागि तीनै तहको सरकार एक भएर लाग्नुपर्ने आवश्यकता छ। स्थानीय तहलाई अझ बढी जिम्मेवार भई शिक्षामा सुधार ल्याउन सकिन्छ ।", उनले भने । मन्त्री थापाले प्रदेश सरकारको नयाँ कार्यक्रम फ्राइडे फर फ्युचरले विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान समेत उपलब्ध गराउने बताए । उनले मन्त्रालय मातहतका सम्पूर्ण कार्यालयहरुलाई समयमा काम थालनी गरी जिम्मेवारी पूर्वक सक्न निर्देशन दिएका छन्।

मन्त्रालयका सचिव प्रकाश पौडेलले आधारभूत शिक्षा सुधार गर्न आवश्यक रहेको बताए। उनले मन्त्रालयले विद्यार्थीलाई मात्र केन्द्रित गरी कार्यक्रम राख्नुभन्दा पनि अभिभावक र शिक्षक सिकाईलाई समेत समेटेको जानकारी गराए। विद्यार्थीको लेखन सिपमा समेत दक्ष बनाउने गरी शिक्षामा बजेट विनियोजन भएको भनाई उनको छ। भुक्तानीका लागि मन्त्रालयले नै धाउनुपर्ने प्रवृतिको अन्त्य गरी सम्बन्धित कार्यालय मार्फत नै कार्यक्रम तथा योजनाको भुक्तानी लिन सकिने व्यवस्था मिलाइएको उनले उल्लेख गरे। आबुखैरनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तहमा देखिएको दरबन्दीको समस्यालाई समाधान गर्नुपर्ने बताए । कर्मचारीलाई सर्भिस डेलिभरीमा ध्यान दिन उनको अनुरोध छ । नागरिकको काम अड्काउने गरी भइरहेको सेवा प्रवाहलाई चिर्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । मन्त्रालयका उपसचिव तोयानाथ लम्सालले अभिमुखीकरण कार्यक्रम मंगलबार देखि विहिबारसम्म चल्ने जानकारी गराए। तीन दिन सम्म चल्ने कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई, तनहुँ, गोरखा, लमजुङ, नवलपुर र मनाङ जिल्लाको सामाजिक विकास कार्यालय र स्थानीय तहको सहभागिता रहेको उनले बताए।

## बाइस हजार बढी पर्यटक लमजुङ हुँदै मनाङ

पोखरापत्र संवाददाता
लमजुङ, १८ भदौं

एक वर्षमा २२ हजार तीन सय ७१ जना विदेशी पर्यटक चक्रीय अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर हुँदै मनाङ पुगेका छन्। गत आर्थिक वर्षमा २२ हजार तीन सय ७१ विदेशी पर्यटक बेँसीसहर हुँदै यस पदमार्गबाट मनाङ पुगेका हुन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीका इञ्चार्ज भूपेन्द्र गुरुङले उक्त पर्यटकमध्ये सार्क राष्ट्रका एक हजार तीन सय ७७ र अन्य मुलुकका २० हजार नौ सय ९४ पर्यटक यस पदमार्ग भएर आएको बताउनुभयो । उहाँका अनुसार १२ हजार छ सय ७५ महिला, नौ हजार छ सय ८९ पुरुष र अन्य सात जना पर्यटक यहाँ आएका छन् । केन्द्रका अनुसार अन्य देशबाट आएकामध्ये १२ हजार चार सय ४७ महिला, आठ हजार पाँच सय ४० पुरुष र अन्य सात जना पर्यटक रहेका गुरुङले जानकारी दिनुभयो।

त्यस्तै सार्क राष्ट्रका एक हजार एक सय ४९ पुरुष र दुई सय २८ महिला पर्यटक आएका केन्द्रले जनाएको छ । केन्द्रका इञ्चार्ज गुरुङका अनुसार पदमार्गमा आएकामध्ये इजरायल, जर्मन, फ्रान्सलगायत देशका नागरिक बढी छन् । आव २०७९/८० मा भन्दा गत आवमा पर्यटक आगमनमा वृद्धि भएको केन्द्रका इञ्चार्ज गुरुङले बताउनुभयो। आव २०७९/८० मा २० हजार दुई ६७ पर्यटक यहाँ आएका थिए । अन्य मुलुकका १९ हजार चार सय २३ आगमन हुँदा सार्क राष्ट्रका आठ सय ४३ पर्यटक आएका उहाँले जानकारी दिनुभयो।

कोरोना सङ्क्रमणको पहिलो लहर आएयता प्रभावित बनेको यहाँको पदमार्ग पर्यटन केही वर्षदेखि विस्तारै चलायमान हुँदै जान थालेको छ । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङे चौतारामा पर्दछ । यस पदमार्गसँग लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दीगरी पाँच जिल्ला जोडिएका छन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, वेषभूषा, प्राकृतिक सुन्दरता हेर्न, मनाङबाट संसारको अग्लो थोराङला पारगरी मुस्ताङ जिल्लामा रहेको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ, कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गरेको केन्द्रका इञ्चार्ज गुरुङले उल्लेख गर्नुभयो।

साथै मनाङमा रहेका विभिन्न हिमाल चढ्न र हेर्न आन्तरिक र बाह्य पर्यटक आउने गरेको उहाँको भनाइ छ । यसअघि थोराङ्ला पार गर्न करिब २१ दिन लाग्ने गरेको भन्दै पछिल्लो समयमा सवारीसाधन सञ्चालन हुन थालेपछि यात्रा छोटिएर करिब १२ दिनमा टुङ्गिने गुरुङले जानकारी दिनुभयो।

देशको राजधानी काठमाडौँबाट लमजुङ बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । विदेशी पर्यटकजस्तै आन्तरिक पर्यटकसमेत यस पदमार्ग हुँदै मनाङ पुग्ने गरेका भन्दै आन्तरिक पर्यटकको तथ्याङ्क भने कतै अभिलेख नभएको उहाँले बताउनुभयो । यस पदमार्गमा देशका विभिन्न स्थानबाट स्वदेशी पर्यटक आउने गर्दछन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

### सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# अनुचित दबाब नदेऊ

स्वास्थ्य मन्त्रालयले सार्वजनिक बिदाको समयमा पनि बहिरङ (ओपिडी) सेवा सञ्चालन गर्ने निर्णयको नेपाल चिकित्सक संघले विरोध जनाएको छ । सरकारी अस्पतालमा बिरामीको संख्या बढेकाले बिदाको दिनमा पनि बहिरंग सेवा संचालन गर्ने निर्णय गरेको थियो । स्वास्थ्य सेवाबाट सरकारलाई जिम्मेवार बनाउनुपर्ने दबाब नागरिकको छ । सरकारले जनताको स्वास्थ्य सेवालाई कम चासो दिएकै कारण सर्वसाधारण जनत स्वास्थ्य सेवाबाट बिमुख हुँदै गएका छन।सरकारले लिएको निर्णयलाई रचनात्मक तरिकाले सघाउनु पर्नेमा चिकित्सक संघले निर्णय फिर्ता लिन सरकारलाई आग्रह गरेको छ ।

सार्वजनिक बिदाको दिन ओपिडी सञ्चालन गर्ने कुरा मानवताको दृष्टिकोणले अव्यावहारिक तथा अवैज्ञानिक भएको भन्दै निर्णय फिर्ता लिन आग्रह गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कतिपय सरकारी अस्पतालमा सार्वजनिक बिदाको दिन बहिरङ्ग सेवालगायतका सेवाहरु अरु दिनजस्तो सञ्चालन नहुने गुनासो आएको भन्दै ७ भदौमा स्वास्थ्य सचिवलाई पत्र लेखेर ध्यानाकर्षण गराएको थियो । सोही ध्यानाकर्षणको आधारमा सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थालाई परिपत्र गर्दै सार्वजनिक बिदाको दिन सो सेवासहित सबै प्रकारका सेवा प्रवाह गर्न निर्देशनात्मक परिपत्र गरेको थियो ।

चिकित्सक तथा स्वास्थ्यकर्मीको शारीरिक तथा मानसिक स्वास्थ्यको बेवास्ता गर्दै बिदाका दिनमा समेत बहिरङ्ग सेवा सञ्चालन गर्ने कुरा मानवताको दृष्टिकोणले अव्यावहारिक तथा अवैज्ञानिक भएकोले सो निर्णय फिर्ता लिन सङ्घले आग्रह गरेको छ । निजी अस्पताल वा स्वास्थ्य संस्थामा काम गर्ने चिकित्सक या स्वास्थ्यकर्मीले गरेको काम र चिकित्सक संघको विज्ञप्ति मेल खाँदैन । नेपालमा २०४८ देखि सरकारी अस्पतालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा दरबन्दी नथपिएको र अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक जनशक्ति तथा सेवा सुविधा ज्यादै न्यून रहेको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले व्यक्तिको श्रम अवधि (काम गर्ने समय) हप्ताको ४० घण्टा तोकेको भए पनि चिकित्सक तथा स्वास्थ्यकर्मी दिनरात नभनी २४ देखि ७२ घण्टासम्म लगातार सेवामा खटिनुपर्ने बाध्यता रहेको छ । त्यही चिकित्सक निजीमा जति पनि खट्न सक्ने सरकारीमा प्रश्न गर्ने द्वैध चरित्र हो । चिकित्सक तथा स्वास्थ्यकर्मी पनि मानव भएकाले अन्य पेशाकर्मीलाई जस्तै पर्याप्त आरामको आवश्यकता रहन्छ । "चिकित्सक तथा स्वास्थ्यकर्मीलाई आराम गर्नका लागि हप्ताको २ दिन बिदा दिने अन्तर्राष्ट्रिय प्रचलन रहिआएको छ । स्वास्थ्यकर्मीलाई पर्याप्त आराम गर्न नदिई अन्तर्राष्ट्रिय अभ्यास विपरीत बिदाका दिनमा समेत बहिरङ्ग सेवा सुचारु भएको खण्डमा स्वास्थ्यकर्मीहरुमा शारीरिक तथा मानसिक तनाव बढेर अत्यधिक थकान हुने तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ह्रास आई बिरामीको स्वास्थ्यमा थप प्रतिकूल असर पर्ने सम्भावना रहेको विभिन्न वैज्ञानिक अनुसन्धानबाट पुष्टि भइसकेको छ ।" स्वास्थ्यकर्मीलाई पनि अन्य पेशाकर्मीलाई जस्तै आफ्नो कार्यकौशलताको पूर्ण प्रयोग गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न बिदा अपरिहार्य हुन्छ । बढी काम लगाउँदा अतिरिक्त सुबिधा दिनुपर्छ ।

सरकारले कसैको पनि श्रम शोषण गर्न पाउँदैन । अतिरिक्त समयमा गराएको कामको थप सुबिधा दिने ग्यारेन्टी गर्नुपर्छ । सरकारी स्वास्थ्य संस्था वा अस्पताल सधैं खुला हुने र जनताले स्वास्थ्य सेवा र उपचार पाउने अधिकारको पनि ग्यारेन्टी सरकारले गर्नुपर्छ । चिकित्सक संघले बढी सेवा बढी सुबिधा पाउनका लागि दबाब दिनुपर्छ । सरकारको निर्णय फिर्ताको लागि दबाब दिनु उचित देखिदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# धान र कोदोबालीमा प्रकोप

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ भदौं

म्याग्दीमा लगाइएको धान र कोदो बालीमा प्रकोप देखिएको छ ।

जिल्लाको पश्चिमी र उत्तरी क्षेत्रका धानबालीमा गबारो र पश्चिमी लेकाली क्षेत्रमा कोदोमा खुम्रे किराको प्रकोप देखिएको हो । बालीमा प्रकोप देखिएपछि किसान चिन्तित बनेका छन् ।

यस वर्ष खेतमा रोपाइँ गरिसकेपछि मध्य भदौसम्म नियमित वर्षा भएकाले धानबाली राम्रो हुने आशामा किसान थिए । धानले गाँज हाल्ने बेलामा गबारोको समस्या देखापरेको बेनी नगरपालिका–२ का किसान रणबहादुर घिमिरेले बताउनुभयो । गबारो रोगले धानको गुबो मर्न थालेपछि किसानले विषादी छर्न थालेका छन् । "धान रोप्दा र सिँचाइमा धेरै खर्च भइसकेको छ । अझ विषादी पनि खर्चिलो छ", उहाँले भन्नुभयो ।

मङ्गला गाउँपालिका–५ को छिसबाङको फाँट, मङ्गला गाउँपालिका–२ मा पर्ने रणबाङको फाँट र बेनी नगरपालिका–२ बगरफाँटको खेतमा पनि धानमा गबारोको समस्याले धानको गुबो मर्दै गएको किसानले बताएका छन् । धान फस्टाउने समयमा गुबो मर्न थालेपछि किसान चिन्तित बनेका छिसबाङका किसान गोमा थापाले बताउनुभयो । कृषि विज्ञका अनुसार गबारो धानमा लाग्ने एक प्रमुख शत्रुजीव कीरा हो । धानमा गाँज आउनेदेखि लिएर फूल फुल्ने वा धान पसाउने अवस्थासम्म यसले आक्रमण गरी बर्सेनि ठूलो क्षति पुऱ्याउने गर्दछ । धानमा पहेँलो, सेतो, छिर्के, गोल्ड–फ्रिन्ज्ड, कालो टाउके छिर्के र कलेजी रङको बुट्टा गरी छ किसिमका गबारो कीराले आक्रमण गर्छन् । धानमा गबारो कीराको समस्या तीव्र रूपमा फैलने भएकाले धान केही दिनभित्रै नष्ट हुने कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । "गबारो कीराको सङ्क्रमणले अहिले धानको बोट मर्दै गएका छन्, समयमै उपचार नभए धानबारी नष्ट हुन्छ", उहाँले भन्नुभयो । धानखेतमा रासायनिक मल युरिया प्रयोग धेरै, पानीको कमी र सूक्ष्म तत्वको कमीले गबारो कीराको सङ्क्रमण सहजै फैलने कृषि प्राविधिक बताउँछन् ।

त्यसैगरी कोदोबालीमा खुम्रे कीराको समस्या देखिएको छ । खुम्रेकीराका कारण कोदोको डाँठ धमाधम सुक्न थालेपछि पश्चिम म्याग्दीका रुम, ओखरबोट र देविस्थानका किसान चिन्तित बनेका छन् । कोदोको जरामा खुम्रे कीरा र डाँठमा गबारो देखिएको छभने यहाँको धानखेतीमा ढुसीजन्य रोग देखिएको छ । हुर्कने बेलाको कोदो मर्न थालेपछि समस्या भएको मालिका गाउँपालिका–२ का किसान जगबहादुर विकले बताउनुभयो । बालीमा रोग र किराको प्रकोप बढ्न थालेपछि किसानलेप्राविधिकको सल्लाहमा विषादीको प्रयोग गर्न थालेका छन् । विषादी छर्कंदा रोग अन्य स्थानमा फैलन नदिन सहयोग पुग्ने उनीहरूको विश्वास छ ।

हालसम्म ५० रोपनी जग्गामा लगाइएको कोदोबाली खुम्रे कीराको समस्याले सखाप भइसकेको छ । खेती गर्नुपूर्व बाँझो जोत्ने काम किसानले नगर्दा खुम्रे कीरा फैलिएको प्राविधिकको भनाइ छ । आगामी दिनमा मकै लगाउने याममा माटोमा विषादीको प्रयोग गरेर खुम्रे कीरालाई नियन्त्रण गर्ने गरी किसानलाई सचेत गराइने कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । म्याग्दीमा तीन हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा धान र दुई हजार सात सय ५० हेक्टर क्षेत्रफलमा कोदो खेती हुन्छ ।

यहाँ गौरी, जेठो बुडो, जर्नेली, पहेले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छे, अन्नपूर्ण–३, खुमल–४, खुमल–१०, लुम्ले–२ लगायत उन्नत जातका धानखेती हुने गर्छ । लेकाली क्षेत्रका किसानले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धानखेती गर्दै आएका छन् । कोदो भने स्थानीय जातको खेती हुँदै आएको छ ।

## सच्याईएको

**यस पोखरापत्र राष्ट्रिय दैनिकको २०८१/०४/१० गते पृष्ठ २ मा प्रकाशित मालपोत कार्यालयको ३५ दिने सूचनामा मालपोत कार्यालय लेखनाथ कास्की हुनुपर्ने र सूचना मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हुनुपर्नेमा अन्यथा हुन गएकोमा सच्याईएको छ ।**

# कोन सहकारीमा तीज कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं




पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजनामा सामाजिक उत्तर दायित्व अन्तर्गत मंगलवार तीज विशेष कार्यक्रम सम्पन्न भयो ।

वडा नं १३ का वडा सदस्य सुचित तामाङले शेयर सदस्य उर्मिला बस्नेतलाई तीजको उपहार दिएर कार्यक्रमको उद्घाटन गर्नु भयो । वडा सदस्य तामाङले तीज कार्यक्रम मनाउँदा तडक भडक नगरी सरल तरिकावाट मनाउन अनुरोध गुर्न भयो । शेयर सदस्यलाई पैसा बचत गर्ने बानी बसाल्न सहकारीले मनि पर्स उपहार दिएको सदस्य तामाङले वताउनु भयो ।

सहकारीका महाप्रवन्धक सुजता हमालले हरेक महिना धेरै थोरै पैसा बचत गर्दै जानाले भविष्यमा समास्यको गाँठो फुकाउन सजिलो हुने भन्नु भयो ।

कार्यक्रममा चार सय जनालाई उपहार वितरण गरिएको छ । कार्यक्रममा उत्कृष्ट नृत्य गर्ने विष्णु लामिछानेलाई महाप्रवन्धक हमालले मायाको चिनो वितरण गर्नुभयो । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थवहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शेयर सदस्य सकुन्तला गुरुङ, संचालक समितिका सदस्य जसुदा गुरुङले सात सिद्धान्त र समितिका सदस्य शारदा पराजुलीले स्वागत गरेको कार्यक्रममा संचालक समितिका सदस्य एवं शिक्षा उपसमितिका संयोजक खड्क बहादुर गुरुङ(खुशीमान)ले संचालन गर्नुभएको थियो ।

# फोनिज गण्डकीको मैत्रीपूर्ण खेल

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीले मैत्रीपूर्ण खेलमा सहयोग गर्ने मुख्य प्रयोजक, संघसंस्था तथा व्यक्तिहरुलाई आभार प्रकट गरेको छ ।

फोनिज गण्डकीले संस्थाको रजत जयन्ती मनाउने क्रममा गत साउन २४ गते पत्रकारहरुबीच मैत्रीपूर्ण भलिबल र छेलो प्रतियोगिता राखेको थियो । सो प्रतियोगिता सम्पन्न गर्नका लागि सहयोग गर्नेहरुलाई खेल उपसमितिको बैठकले आभार प्रकट गरेको हो । प्रायोजक, विशेष सहयोगीलगायत अन्य व्याक्तिहरुबाट नैतिक, भौतिक र आर्थिक सहयोगले कार्यक्रम सफल भएको उपसमितिका संयोजक अर्जुन गाहा 'सुशान्त' मगरले बताए । सहयोगप्रति आभार व्यक्त गर्दै उनले आगामी दिनमा सहयोगी संस्थाहरुसँग दोहोरो सहयोग निरन्तर रहने विश्वास व्यक्त गरे ।

कार्यक्रममा एमपिजी सोलुसनले मुख्य प्रायोजकका रुपमा सहयोग गरेको थियो । पोखरा–१५ नयाँ गाउँमा रहेको सोलुसनले दृष्टिकोण, रणनीति, रचनात्मकतामा आधारित रहेर डिजिटल मार्केटिङको क्षेत्रमा काम गरिरहेको छ । डिजिटल क्षेत्रमा कुशल अनि विशेषज्ञताका साथ आधुनिक प्रचार वृद्धिमा काम गरिरहेको संस्थाको मुख्य प्रायोजनले कार्यक्रम सफल भएको फोनिज गण्डकीका अध्यक्ष रुद्र श्रीसमगरले जानकारी दिए । 'हामीलाई कार्यक्रम गर्नका लागि ठूलो आर्थिक सहयोगको आवश्यकता थियो । त्यही बेला एमपिजी सोलुसनले हृदय खोलेर सहयोग गर्नुभयो । यसका लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत मनप्रसाद गुरुङलाई विशेष धन्यवाद्,' उनले भने, 'डिजिटल क्षेत्रमा काम गरिरहेको संस्थासँग एकोहोरो मात्र नभएर दोहोरो सहयोग रहन्छ । संस्थाले गरेका कामको प्रचार गर्नु हाम्रो पनि दायित्व हुन आउँछ ।' प्रतियोगितामा प्रदेश खेलकुद परिषद् गण्डकीले मुख्य सहयोगीका रुपमा साथ दिएको थियो । परिषद्ले ट्रफि, मेडल, प्रमाणपत्र, साउण्ड सिस्टम र प्राविधिक सहयोग गरेको थियो ।

दर्ता नं. :५४२/०६४/०६५ | पान नं. ३०३४३६१४२

**कर्मचारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Karmachari Saving & Credit Co-operative Society Limited**

आवद्धता नेफस्कुन

चलानी नं. २०८१।०८२।३५ | जिरोकिलोमिटर -५ पोखरा (कास्की) फोन नं. ०६१-५७६६४३ | मितिः२०८१।०५।१९

आदरणीय शेयर सदस्यज्यूहरु,

**विषय:१७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना।**

यस कर्मचारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कास्की पोखराको मिति २०८१ भदौ १७ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको १७ औं वार्षिक साधारण सभा तपसिलको मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारी गराउँदै सम्पूर्ण शेयर सदस्यहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति,समय र स्थान :**

मिति : २०८१।०६। १९ शनिबार, समय : बिहान ८:०० बजे, स्थान : होटल दिप सागर (न्यूरोड), जानकारीका लागि ०६१-५७६६४३

**१७ औं वार्षिक साधारण सभामा छलफल हुने विषयहरु**

१. संचालक समितिको तर्फबाट आ.ब. २०८०/०८१ को अध्यक्षज्यूको मन्तव्य माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संचालक समितिको तर्फबाट आ.ब.२०८०/०८१ को सचिवज्यूको संगठानिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. संचालक समितिको तर्फबाट आ.ब. २०८०/०८१ को कोषाध्यक्ष ज्यूबाट प्रस्तुत आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. साधारण सभामा प्राप्त भएका सल्लाह, सुझाव संकलन गर्ने सदस्यको नाम चयन सम्बन्धमा ।
५. संस्थाको आ.ब. २०८०/०८१ मा सञ्चालक समितिको निर्णय भए गरेका सम्पूर्ण कार्यहरुको छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
६. संस्थाको आ.ब. २०८०/०८१ मा बनेका नीति तथा कार्यविधि माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७. आन्तरिक कार्यविधि संशोधनको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
८. शेयर लाभांश वितरण सम्बन्धमा ।
९. संस्थाको आ.ब. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा नीति, कार्यक्रम, अनुमानित प्रस्तावित बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१०. संस्थाको आ.ब.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल र पारित गर्ने सम्बन्धमा ।
११. संस्थाको आ.ब.२०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१२. संस्थाको चालू आ.ब २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. विनियम संसोधन गर्ने सम्बन्धमा ।
१४. साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरणका लागि शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।

*पुनश्च :क) साधारण सभामा अनिवार्य सदस्य नै तोकिएको समय र स्थानमा उपस्थित भए मात्र यातायात तथा इन्धन खर्च सम्बन्धित सदस्यहरुको प्रधान गरिने छ ।*

*ख) वि.स. २०८० सालको SEE, +2, स्नातक र स्नातकत्तोर साथै अन्य उच्च शिक्षा तथा विशिष्ट शिक्षा उर्त्तीण गर्नु भएको शेयर सदस्यका छोराछोरी सम्मान कार्यक्रम रहेको हुँदा संस्थामा प्राप्त प्रमाण पत्रको आधारमा उत्कृष्ट १ जना छात्रा र १ जना छात्रलाई २०८१।०६।१० गते सम्ममा कार्यालय समय भित्र अधिकारीक प्रमाणपत्र प्रमाण पेश गनुहुन अनुरोध गर्दछौं ।*

**निरोज मल्ल**
**प्रमुख कार्यकारी अधिकृत**

**सुरेश कुमार श्रेष्ठ**
**सचिव**

# तनहुँ जलविद्युत् आयोजनाको विद्युत्गृहको कङ्क्रिटको काम सकियो

पोखरापत्र संवाददाता
दमौली, १८ भदौ

तनहुँमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाअन्तर्गत विद्युत्गृहको कङ्क्रिटको काम सकिएको छ।

ऋषिङ गाउँपालिका-१ भापुटारमा निर्माणाधीन आयोजनाको प्याकेज दुईअन्तर्गत विद्युत्गृहभित्र कङ्क्रिटको काम सकिएको हो। प्याकेज दुईको ठेक्का पाएको सिनो हाइड्रो कर्पोरेशनले विद्युत्गृहभित्र ढलान गरेर कङ्क्रिटको काम सकाएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विद्युत्गृहभित्र संरचना बनाउने काम चलिरहेको छ। सोही बमोजिम पहिलो चरणको कङ्क्रिट गर्ने काम पूरा भएको हो।" प्याकेज दुईअन्तर्गत विद्युत् गृह तथा सम्बन्धित उपकरण निर्माणमा हालसम्म ५९ प्रतिशत प्रगति भएको छ।

यस प्याकेजको निर्माण कार्य चिनियाँ कम्पनी सिनो हाइड्रो कर्पोरेशनले गरिरहेको छ। जसअन्तर्गत विद्युतगृह निर्माणका लागि सुदृढीकरण कार्य जारी रहेको छ। साथै अतिरिक्त मेकानिकल उपकरण तथा पाइप जडान कार्य जारी रहेको बताइएको छ।

पेनस्टक सुरुङतर्फ पेनस्टक पाइप जडान, वेल्डिङको काम जारी छ भने मुख्य सुरुङतर्फ विसं २०८० चैत १८ गते मुहान सुरुङको 'ब्रेक थ्रु' भएपश्चात् बेन्चिङ (तल्लो भाग) तथा आवश्यक सहयोगका लागि 'स्टील रिब्स्' जडान कार्य सम्पन्न भएको छ। सर्जट्याङ्क ठाडो सुरुङतर्फ स्काफफोल्डिङ, रेबर जडान तथा कङ्क्रिट कार्य भइरहेको आयोजनाले जनाएको छ।

# सराङकोट सहकारीमा महिला भेला एवं सहकारी शिक्षा कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौ

सराङ्गकोट बहुउद्धेश्यीय सहकारी संस्थाले बृहत महिला भेला सहकारी शिक्षा कार्यक्रम गरेको छ।

संस्थाले हरेक वर्ष महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा सचेतना सहितको कार्यक्रम गर्दै आएको छ। संस्थामा रहेका महिला शेयर सदस्यहरुलाई कार्यक्रमको माध्यमले सहकारी ऐन, नियमको जानकारी सहित आपसी सम्बन्धको विस्तार गराउने उद्धेश्यले कार्यक्रम गरिदै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए।

सो कार्यक्रमको सहजिकरण गर्दै सहकारीका अभियान्ता प्रशिक्षक भिम गुरुङले सदस्यको साथ सहयोग निरन्तर हुनुपर्ने बताए। सहकारीको मुख्य खम्बा शेयर सदस्य नै रहेकोले कस्तो



सहकारी बनाउने जिम्मेवारी संचालक सहित सबै सदस्यहरुको भूमिका महत्वपूर्ण रहने बताए। २०६३ मा स्थापित संस्थाले सदस्यहरुको लागी आर्थिक सङ्गै रेडियो सराङ्गकोटको संचालन गर्दै हाल ५४ करोड कुल कारोबार गर्दै आएको कोषाध्यक्ष राममणि पौडेलले बताए।

कार्यक्रममा संस्थाका सल्लाहकार पुर्व अध्यक्ष प्रेम बहादुर जि.सी, शोभियत बहादुर अधिकारी, कमल नायन गौतम, दुर्गा बहादुर सुनार, लेखा संयोजक शिव बहादुर बानिया, उपाध्यक्ष बसन्त बानिया, कोषाअध्यक्ष राममणि पौडेल, संयोजक माया कुमारी शर्मा, संस्थाका व्यवस्थापक सुरेन्द्र थापा, लगाएतले आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा महिला दिदि बहिनीको प्रस्तुती सँगै राष्ट्रिय कलाकार युवराज भण्डारीको विशेष गाईजात्रे प्रस्तुती सहित विविध साँस्कृतिक प्रस्तुतीहरु राखीएको थियो।

# पर्यटकको पर्खाइमा मुस्ताङको चुङसी गुफा

पोखरापत्र संवाददाता
म्याग्दी, १८ भदौ

मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-३ मा रहेको चुङसी गुफा पर्यटकका पर्खाइमा छ।

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत साङबोचे नजिकै रहेको गुफाको महत्व र विषेशताको बारेमा प्रचारप्रसारको कमीले ओभेलमा परेको हो। लो-घेकर दामोदरकुण्ड-३ घिलिङका वडाध्यक्ष झब्याङ तेन्जिङ गुरुङले चुङसी गुफामा पर्यटक भित्र्याउन पहल गरिएको बताउनुभयो। "गुफासम्म पुग्ने सडक र पदमार्ग तयार भएको छ", उहाँले भन्नुभयो, "उपल्लो मुस्ताङ भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउनका लागि चुङसी गुफाको प्रवर्द्धनमा जोड दिएका हौं।" साङबोचेबाट दुई किलोमिटर कच्ची सडक र एक किलोमिटर पैदलयात्रा गरेपछि चुङसी गुफामा पुगिन्छ। भेनाखोलाको किनारबाट १० मिनेट उकालो पैदलयात्रा गरेपछि पहाडको बीचमा रहेका दुईवटा ठूला गुफामा पुगिन्छ। तीनवटा तला रहेको तल्लो चुङसी गुफाभित्र विभिन्न देवीदेवताका मूर्ति, जनावरका प्राकृतिक आकृति अवलोकन गर्न सकिन्छ। गुफाभित्र तपस्वी ध्यान बसेको आकृति देखिने शिला रहेको छ। गुफाभित्र नै गुम्बा रहेकाले यसको धार्मिक महत्व पनि छ। गुम्बामा लामा बस्छन्। भगवान् बुद्धको मूर्ति रहेको चुङसी गुफाभित्रको गुम्बामा बौद्ध धर्मावलम्बीहरूले यहाँ पूजाआजा गर्छन्। लामाहरूले ध्यान, तपस्या गर्छन्। तल्लो चुङसी गुफाबाट थप पाँच मिनेट उकालो पैदलयात्रा गरेपछि उपल्लो चुङसी गुफामा पुगिन्छ। करिब ५० मिटर लम्बाइ र २० मिटर चौडाइको यो गुफाभित्र पनि देवीदेवताका मूर्ति, जनावर र जनावरका अङ्गका आकृतिहरू देखिन्छ। उपल्लो र तल्लो चुङसी गुफाको फेदीमा रहेको अर्को गुफाभित्र पानी रसाउँछ। सो पानीलाई गुफा अवलोकन गर्न आउने भक्तजन र पर्यटकले प्रसादका रूपमा भाँडामा भरेर लैजाने गर्छन्। उपल्लो मुस्ताङवासीको भाषामा चुङसीको अर्थ प्राकृतिक हुन्छ।

चुङसी गुफा अवलोकन गर्नुभएका म्याग्दीका सुरेन गुरुङले शान्त वातावरण, प्राकृतिक, अलौलिक र अनौठा दृष्यले मोहित बनाएको बताउनुभयो। "साङबोचेबाट चुङसी गुफा जोड्ने सडकलाई स्तरोन्नति, महत्व र विशेषताको प्रचारप्रसार गर्न सकेमा यहाँ पर्यटकको आइरो लाग्छ", उहाँले भन्नुभयो, "यस्तो अनौठो गुफा अन्यत्र देखेको थिइनँ।" गुफाको वरपर अग्ला पहाड छन्। सुक्खा पहाडको खोँच एकान्त छ। हाल दैनिक आठ-दश जनाको अनुपातमा पर्यटक चुङसी गुफा अवलोकन गर्न जाने गर्दछन्। लो-घेकर दामोदरकुण्ड गाउँपालिकाले भेनाखोलाको फेदीबाट चुङसी गुफा जोड्ने पहाडको उकालोमा रेलिङसहितको ढुङ्गाको सिँढी बनाएर पदमार्ग निर्माण गरेको वडाध्यक्ष गुरुङले बताउनुभयो। केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ। भेनाखोलाको किनारमा पदमार्ग संरक्षणका लागि तटबन्ध गरिएको छ। पदमार्ग निर्माणका लागि रु ३० लाख लगानी गरिसकेको र सडक स्तरोन्नति गर्न चालु आर्थिक वर्षमा रु १५ लाख विनियोजन गरेको उहाँले बताउनुभयो। पैदलयात्रा गर्न चाहने पर्यटकका लागि समरबाट चुङसी गुफा हुँदै साङबोचे जोड्ने परम्परागत पदमार्गलाई स्तरोन्नति गरिएको छ। सडकमा सवार साधनमा यात्रा गर्न नरुचाउने विदेशी पर्यटकले यो पदमार्ग प्रयोग गर्छन्।

# आँबुखैरेनीमा ४० हजार सयपत्रीका बिरुवा रोपियो

पोखरापत्र संवाददाता
दमौली, १८ भदौ

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित यान्चोकमा ४० हजार सयपत्रीका बिरुवा रोपिएको छ।

गाउँपालिकालाई सयपत्री फूलमा आत्मनिर्भर बनाउने उद्देश्यसहित यान्चोक लघुउद्यम महिला सङ्घले ३५ रोपनी क्षेत्रफलमा ४० हजार सयपत्रीका बिरुवा रोपेको हो। गत साउन २५ गतेदेखि भदौ पहिलो सातासम्म सयपत्रीका बिरुवा रोपिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गतवर्ष पहिलो पटक यसै ठाउँमा सयपत्री फूल रोपिएको थियो, उत्पादन राम्रो भयो, यहाँको सयपत्री कतारसम्म पुगेको थियो।" सयपत्री फूलखेतीबाट महिला किसान उत्साहित भएको भन्दै यसवर्ष पनि सयपत्री फूलखेतीलाई निरन्तरता दिइएको केसीले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाले ८५ प्रतिशत अनुदानमा सयपत्री फूलका बिरुवा उपलब्ध गराएको थियो। गाउँपालिकाका कृषि शाखा प्रमुख केसीका अनुसार रोपेको तीन महिनामा फूल तयार हुन्छ।

गतवर्ष तिहारमा प्रतिकिलो रु पाँचसयसम्म फूल बिक्री भएको थियो। यान्चोक लघुउद्यम महिला सङ्घमा आबद्ध ७० महिलाले सयपत्रीका बिरुवा रोपेको सङ्घकी अध्यक्ष सुन्तली गुरुङले जानकारी दिनुभयो। महिला फूलखेतीमा आकर्षित रहेको बताउँदै उहाँले भन्नुभयो, "चाडपर्वलगायत अन्य कार्यक्रमका लागि सयपत्री बाहिरबाट ल्याउन नपरोस् भनेर पालिकाले थालेको अभियानमा हामीले साथ दिएका छौं, पालिकाबाट पनि हामीलाई सहयोग भएको छ।" घरायसी काममा मात्रै व्यस्त महिलालाई स्वरोजगार बनाउने उद्देश्यसहित फूलखेती थालिएको उहाँको भनाइ छ। गाउँपालिकाले आयातित तथा प्लाष्टिकजन्य फूलमाला निरुत्साहित गर्ने प्रयासस्वरुप गतवर्षदेखि सयपत्री फूलखेतीलाई प्राथमिकता दिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९३/०८/२४ गते

स्वर्गारोहणः
वि.स. २०८१/०५/०७ गते

### स्व: कर्णेल रामकाजी गुरुङ

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजिवन सदस्य तथा पूर्व सल्लाहकार सदस्य साथै यस क्षेत्रकै प्रभुत्व व्यक्तित्व सहित सामाजिक तथा धार्मिक अभियान्ता **कर्णेल रामकाजी गुरुङ**को ८८ वर्षको उमेरमा असामयिक निधन भएको समाचारले हामी अत्यन्तै दुखित छौं। आज उहाँ दिवंगत हुनुभएको १३औं दिनको पुण्य तिथिमा यस धार्मिक क्षेत्रको बृहत्तर बिकास र उत्थानका साथै गुठी सम्पती संरक्षण अभियान र विगतमा मन्दिर क्षेत्रको विकासका लागि स्रोत संकलन गर्न लगाइएको महायज्ञको मुल समारोह समितिमा सह-संयोजक पदमा रही नेतृत्वदायी भुमिका खेल्नु भएको अतुलनिय सहयोग र योगदानलाई आज हामी सम्पूर्ण मन्दिर समिति परिवार तथा यस भेगका सम्पूर्ण नागरिक समाजले उच्च मुल्याङ्कन गरि स्मरण गरिरहेका छौं भन्दै स्वर्गीय आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै उहाँका सम्पूर्ण सोकसन्तप्त परिवारजन, इष्टमित्र, बन्धुवान्धब, संगी साथीभाइ सबैलाई यस दुःखद् घडीमा धैर्य धारण गर्ने शक्ति भगवती श्री भद्रकाली माताले प्रदान गरुन् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं। अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन!

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर पोखरा-१२/१३**